# भरतपुर महानगरपालिका नगर कार्यपालिकाको ४८ औं बैठकका

## (मिति २०७७ पौष १२ मा पारित निर्णयहरु)

निर्णय नं. १

भरतपुर महानगरपालिकाको सातौं नगर सभा २०७७ साल पौष २७,२८ र २९ गते सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिकाको सहकारी कार्यविधि,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भरतपुर महानगरपालिकाबाट लागत सहभागितामा योजना सञ्चालन गर्ने प्रयोजनार्थ शिलवन्दी दरभाउपत्र वा वोलपत्र मार्फत निर्माण व्यवसायी छनौट गर्दा घटि भएको अंश सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता नगर्ने निर्णय गरियो

निर्णय नं. ४

भरतपुर महानगरपालिकाको गत आर्थिक वर्ष ०७६/७७ का योजनाहरु सञ्चालन गर्ने मिति २०७७ कार्तिक मसान्तमा समाप्त भएकाले २०७७ साल माघ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट पार्क निर्माणको लागि निर्माण स्थल छनौट गरी पठाउने सम्बन्धी पत्र बैठकमा पेश भई छलफल भयो सो सम्बन्धमा भरतपुर महानगरपालिकाको वडा नं. २४ को देविस्थान अन्तर्गतको सार्वजनिक जग्गा उक्त पार्क निर्माणको लागि छनौट गर्ने र अर्को पार्क निर्माण गर्नको लागि भरतपुर महानगरपालिका २८ नं. वडाको गोलाघाट पार्क छनौट गर्ने निर्णय गरियो।

निर्णय नं. ६

भरतपुर महानगरपालिकाको देहाय बमोजिमको वातावरण समिति गठन गर्ने निर्णय गरियो ।

क. योजना महाशाखा प्रमुख संयोजक

ख. आयोजनासँग सम्बन्धित पदाधिकारी सदस्य ।

ग. वातावरण महाशाखा/शाखा प्रमुख सदस्य-सचिव ।

Scanned with CamScanner

निर्णय नं. ७

भरतपुर महानगरपालिकाको ११ नं. वडाको इन्द्रेणी मार्ग पिच निर्माण उपभोक्ता समिति मार्फत भ. म. न. पा. को खातामा जम्मा गरेको बाँकी रकम रु.५५,३११.२३ फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

भरतपुर महानगरपालिकाको गत आ.व.का योजनाहरु मध्ये भुक्तानि दिन बाँकी सूचिमा छुटेका तपसिल बमोजिमको योजनाको भुक्तानि दिने निर्णय गरियो ।

अनूसूची १

**आ.व. २०७७-७८ को रातो किताबबाट गत आ.व.को अधूरो योजनामा छूट भएका योजना/ कार्यक्रमहरु:**

**तेस्रो विवरण**

**कार्यपालिका बैठक मिति : २०७७/०९/१२**

| सि.नं. | योजनाको नाम | योजनाको किसिम | सम्झौता रकम | हालसम्म भुक्तानी भईसकेको रकम | छुट किताबमा समावेश भयको रकम | छुट भएको रकम | छुटेको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | रामकृष्ण टोल विकास संस्था अन्तर्गत विक्रम मार्गबाट हरि प्रसाद खनालको घर दक्षिण तर्फ अटा हुसेनको घरचोक सम्म २५० मि. बाटो पिच निर्माण कार्य (वडा नं. २) | वडा-स्तरीय | २२२५५१५.४६ | ० | २२२५५१ | २००२९६४ | किताबमा एक अंक कम आएकाले |
| २ | सागर पन्तको घरदेखि दिपक आलेको घरसम्मको पिच निर्माण (वडा नं. १२) | वडा-स्तरीय | ६२१०५१.८५ | १२५००० | ० | ४९६०५२ | आ.व. २०७५-७६ को योजाना भएकोले |
| ३ | श्री गणेश नाला निर्माण उपभोक्ता समितिको श्री गणेश टोल विकास संस्था ढल निर्माण (वडा नं. २) | वडा+ निर्वाचान क्षेत्र नं. २ | २८८१२९३.६४ | | ० | ३००००० | |
| ४ | श्री देवचन्द्रको घर देखि राज कुमारको घर सम्म सडक निर्माण उपभोक्ता समिति (वडा नं. २१,२२,२३) | नगर-स्तरीय | ३७२८०५६.९७ | ३४९०५०७ | ० | २३७५५० | वडा बाट विवरण नआएकाले |
| ५ | भरतपुर महानगरपालिकाको हाता भित्र Office Building (Steel Structure) निर्माण गर्न श्री Siddhagadhi Engineer and Builders Pvt. Ltd. लाई भूक्तानी | नगर-स्तरीय | ११२५३५२२.२३ | ७०३१०७९ | ० | ४२२२४४३ | आ.व. २०७५-७६ को ठेक्का बाट संचालित योजाना |
| | **जम्मा:** | | | | | **७२५९००९** | |

अक्षयरुपी रु. बहत्तर लाख उनानसाठी हजार नौं रु.

Scanned with CamScanner

निर्णय नं. ९

भरतपुर महानगरपालिका २९ नं. वडा हाँडीगाउँ भ्यू डाँडा महाबौद्ध गुम्बाको लागि सार्वजनिक जग्गा माग भएको सम्बन्धमा छलफल भयो ।सो सम्बन्धमा प्राविधिक सहितको टोली खटाई यथार्थ नापजाँच गराई प्राप्त प्रतिवेदन हेरी आगामि बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

भरतपुर महानगरपालिका १२ नं. वडा स्थित दरबार कन्ट्रक्स्नले धरौटी खातामा जम्मा गर्नुपर्ने रकम महानगरपालिकाको राजवश्व खातामा जम्मा गरेको देखिदा उक्त रकम राजश्व खाताबाट धरौटी खातामा ट्रान्सफर गरी दरबार कन्ट्रक्स्नलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

भरतपुर महानगरपालिका २० नं. वडामा रहेको शाकम्भरी ताजा तरकारी कृषि सहकारी संस्थाले साविकको शिवज्योति ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था लि.का नाममा दर्ता कायम रहेको जग्गा नामसारीका सम्बन्धमा प्राप्त कागजात बैठकमा पेश भयो ।सो सम्बन्धमा महानगरपालिकाको सहकारी समिति मार्फत स्थलगत निरिक्षण प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

भरतपुर महानगरपालिकाको बालमैत्री शासन कार्यान्वयन निर्देशिका अनुसार २ जना वडा अध्यक्ष र अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रममा २ सदस्य मनोनयन गर्ने सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

क. बालमैत्री शासन कार्यान्वयन निर्देशिका बमोजिमको समितिमा २ नं. वडाका अध्यक्ष श्री पूर्ण बहादुर श्रेष्ठ र १६ नं. वडाका अध्यक्ष श्री अमृत हमाललाई मनोनयन गर्ने ।

ख. समुदायमा आधारित पुनस्थापना कार्याक्रमका लागि याम प्रसाद सुवेदी भ.म.न.पा. –..६ र निर्मल श्रेष्ठ भ.म.न.पा. वडा नं. ६ लाई मनोनयन गर्ने ।

निर्णय नं.१३

क. भरतपुर महानगरपालिका अन्तर्गत राजश्व महाशाखावाट बि. एम. आर. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. लाई जारी गरिएको को घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्रको अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

ख. अम्ब्रेला स्ट्रिट पटिहानी लाई आय ठेक्काबाट तिन आ.व.(२०७७/०७८- ०७९/०८०) का लागि एक करोड अन्ठानब्बे लाख साठी हजार न्युनतम अंक कायम गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय अनुमोदन गरियो ।

ग. नारायणी नदी किनार व्यवस्थापन तथा संरक्षण कार्यविधि, २०७७ अनुमोदन गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

घ. नारायणी नदी किनारमा अस्थायी रुपमा सञ्चालित व्यवसायहरुलाई तपसिल बमोजिमको कर निर्धारण गरी संकलन गर्ने निर्णय गरियो ।

तपिसलः

| क.स. | शिर्षक | मासिक कर रकम |
|---|---|---|
| १. | फुड ट्रक | ८,२००/- |
| २. | मम पसल | ३,३००/- |
| ३. | पानिपुरी, चटपट | २,७००/- |
| ४. | आईसक्रिम, मकै,चिया पसल | २,०००/- |
| ५. | D.S.L. फोटोग्राफी प्रति क्यामेरा | २,२००/- |

निर्णय नं. १४

भरतपुर महानगरपालिका ६ नं. वडा बस्ने खगराज पाठकले निजको नाममा दर्ता रहेको अनुसा कृषि फर्ममा मिति २०७५ साल देखि लेर्यस जातको कुखुरा पाल्दै आएकोमा ६ (छ) महिनाको अण्डा दिन शुरु गरेको मध्ये ८१८० वटा भन्दा बढी कुखुरा रोगका कारणले एकै साथ मरेको हुँदा क्षतिपूर्तिका लागि सिफारिस सहितको सम्बन्धित वडा कार्यालयको पत्र प्राप्त भएको हुँदा सो विषयमा छलफल गरी निज निवेदकलाई आपतकालिन तथा विषेश पशुसेवा कार्यक्रम शिर्षकबाट चल्ला खरिद गर्न रु.४,००,०००।- अनुदान दिने निर्णय गरियो ।

२०७७/९/१२

Scanned with CamScanner